नेपाल गजेट

भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं फाल्गुन १३ गते २०१४ साल [संख्या नं.४५

कानून तथा संसदीय सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्व साधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-बिराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन-प्रजातन्त्रश्रीपद ॐरामपट्ट अत्यन्त ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिण-बाहु महाधिपति फिल्डमार्शल, सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजा-धिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

२०१४ सालको ऐन नं. १६

एजेन्सीसम्बन्धी काम नियन्त्रण गर्ने ऐन

एजेन्ट, डिष्ट्रीब्यूटर, स्टकिष्ट, नोमिनी वा रेप्रिजेन्टेटिवहरूले चिज वस्तुहरूको बिक्रीमा अनुचित फाइदा उठाउन नपाउने गर्नेको निमित्त सो

६०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कामलाई नियन्त्रण र तत्सम्बन्धी अरू व्यवस्थासमेत गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः— १) यस ऐनको नाम "नेपाल एजेन्सी ऐन, २०१४" रहेको छ ।

[२] यो ऐन नेपाल भरमुलुकमा तुरून्त लागू हुनेछ ।

२ परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः—

[क] "एजेन्ट" भन्नाले नेपाल भरमुलुक वा त्यसको कुनै इलाकाको निमित्त स्वदेशी वा विदेशी फर्मको एजेन्सी लिने व्यक्ति संझनुपर्छ र यो शब्दले डिष्ट्रीब्यूटर, स्टकिष्ट, नोमिनी वा रेप्रिजेन्टेटिव भई काम गर्ने व्यक्तिसमेतलाई जनाउँछ ।

[ख] "रजिष्टर्ड एजेन्ट" भन्नाले यस ऐनको दफा ४ बमोजिम एजेन्टमा नाम दर्ता भएका व्यक्ति संझनुपर्छ, र

[ग] "तोकिएको वा तोकिएबमोजिमको" भन्नाले यो ऐन-अन्तर्गतको नियम वा आदेशमा तोकिएको वा तोकिएबमोजिमको संझनुपर्छ ।

३. यो ऐनबमोजिम नाम दर्ता नगराई एजेन्ट भई काम गर्न नहुनेः- यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम एजेन्टमा नाम दर्ता नगराई कुनै पनि व्यक्तिले एजेन्ट भई काम गर्न पाउनेछैन ।

४. एजेन्टमा नाम दर्ता गर्नेः—[१] यो ऐन प्रारम्भ भएपछि कुनै एजेन्ट हुन चाहने व्यक्तिले एजेन्टको आफ्नो नाम दर्ता गराउन तोकिएबमोजिमका विवरणहरू खुलाई तोकिएको अधिकारीछेउ दरखास्त दिनुपर्छ ।

[२] उपदफा [१] बमोजिमको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएको दस्तुर र धरौट दाखिल गराई सो दरखास्तवालालाई तोकिएबमोजिमको कबूलियत गराई एजेन्टमा नाम दर्ता गर्न सक्नेछ ।

[३] यस दफाअन्तर्गत एजेन्टमा नाम दर्ता गर्दा नेपालका नागरिकलाई प्राथमिकता दिइनेछ ।

५. फाँटबारी दाखिल गर्नेः—प्रत्येक रजिष्टर्ड एजेन्टले आफ्नो बिक्री भएको मौजदातमा रहेको चीज वस्तु र त्यसको दरभाउको फाँटवारी तोकिएको ढाँचामा तोकिएको समय सम्यमा तोकिएको अधिकारीछेउ दाखिल गर्नुपर्छ ।

६. यो ऐन प्रारम्भ हुनुअघि एजेन्ट भइराखेकाहरूः— यो ऐन प्रारम्भ हुनुभन्दा अघि सरकारबाट एजेन्ट भई काम गर्ने सम्बन्धमा दिइराखेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबै स्वीकृतिहरू यो ऐन प्रारम्भ भएको ३ महिनाभित्र रिन्यू गराउनुपर्छ। उक्त म्यादभित्र रिन्यू नगराए को स्वीकृतिहरू कायम रहनेछैनन् ।

७. कबूलियत उल्लंघन गरेमा हुने दंड सजायः—दफा ४ को उपदफा (२) बमोजिम आफूले गरिराखेको कबूलियत कुनै एजेन्टले उल्लंघन गरेमा सरकारले निजलाई पाँच वर्षसम्म एजेन्टको काम गर्न नदिन वा रु ५०० पाँच सयसम्म जरिवाना गर्न सक्नेछ।

८. दफा ३ उल्लंघन गरेमा हुने दंड सजायः— कुनै व्यक्तिले दफा ३ उल्लंघन गरेमा सरकारले त्यस्ता व्यक्तिलाई रु १००० सम्म जरिवाना गर्न सक्नेछ।

९. अरू दंड सजायः— माथि दफा दफामा तोकिएबमोजिमका दंड सजायहरूमा कुनै प्रतिकूल प्रभाव नपारी यो ऐन वा यस ऐनअन्तर्गतका आदेश वा नियमका कुनै कुरा उल्लंघन गर्ने व्यक्तिलाई सरकारले २ वर्षसम्म एजेन्टको काम गर्न नदिन वा रु २०० सम्म जरिवाना गर्न सक्नेछ ।

१०. आदेश जारी गर्ने तथा नियम बनाउने अधिकारः-(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न सरकारले समय समयमा आदेश जारी गर्न तथा नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती आदेश तथा नियमहरूमा देहायका विषयहरूको व्यवस्था गर्न सकिनेछः-

[क] यो ऐनबमोजिमको अधिकारी तोक्ने ।

(ख) एजेन्टमा नाम दर्ता गराउन दिने दरखास्तमा खुलाउनुपर्ने विवरण।

(ग) कबुलियतको ढाँचा।

(घ) एजेन्टमा नामदर्ता गराउन दाखिल गर्नुपर्ने दस्तुर।

(ङ) एजेन्ट भई काम गर्ने अवधि, सो रिन्यू गर्ने र रिन्यू गराउँदा दाखिल गर्नुपर्ने दस्तुर।

(च) रजिष्टर्ड एजेन्टले, आएको, बिक्री भएको र मौजदातमा रहेको चीज वस्तु र त्यसको दर भाउको फाँटवारी तोकिएको अधिकारीछेउ दाखिल गर्नुपर्ने समय र त्यस्तो फाँटवारीको ढाँचा।

(छ) दफा ४ को उपदफा [१]बमोजिम दिएको विवरणमा केही संशोधन तथा थपघट गर्न वा दफा ४ को उपदफा [२] बमोजिम भएको कबुलियतमा हेरफेर गर्नुपर्दाको कार्यविधि र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) रजिष्टर्ड एजेन्टले दफा ५ बमोजिम आफूले दाखिल गरेको फाँटवारी बमोजिमको दर भाउमा थपघट गर्नु पर्दाको कार्यविधि ।

११. खारेजी:— १९९२ साल श्रावण १० गतेको इस्तिहार खारेज गरिएको छ।

लालमोहर मुद्दर मिति २०१४।११।२५ मा

आज्ञाले—
नयनबहादुर खत्री क्षत्री,
सेक्रेटरी- कानून तथा संसदीय प्रबन्धसचिवालय ।

कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सब साधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्विराजन्यप्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद ओम्रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्यान्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गबेवानाम् सदा समरविजयिनाम् ।

२०१४ सालको ऐन नं. २०

प्राइभेट फर्महरूलाई रजिष्टर गर्नको निमित्त बनेको ऐन

व्यापारमा र उद्योगव्यवसायमा लागेका प्राइभेट फर्महरूको रजिष्टेशन र तत्सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट ये ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:— [१] यस ऐनको नाम-"प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ रहेको छ।

[२] यो ऐन नेपाल भरमुलुक लागू हुनेछ।

[३] यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[क] "प्राइभेट फर्म" भन्नाले निजी वा कथित नामबाट एक वा एक-भन्दा बढी व्यक्तिहरू मिली उद्योग व्यवसायका निकाशी वा पैठारीको व्यापार गर्न फर्म वा कम्पनी वा कोठी सम्झनुपर्छ।

[ख] "निकाशी" भन्नाले नेपाल राज्यबाट विदेशमा माल सामान निकाशी गर्ने काम सम्झनुपर्छ।

[ग] "पैठारी" भन्नाले विदेशबाट नेपाल राज्यमा माल सामान पैठारी गर्ने काम सम्झनुपर्छ।

[घ] "सूचित आदेश" भन्नाले नेपाल गजेटमा प्रकाशित आदेश सम्झनु-पर्छ।

[ङ] "तोकिएको अधिकारी" भन्नाले यो ऐनको प्रयोजनको निमित्त सर-कारले सूचित" आदेशद्वारा तोकिदिएको अधिकारी सम्झनु पर्छ।

[च] "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिमको सम्झनुपर्छ।

३. रजिष्टर्ड नगराई प्राइभेट फर्म खोल्न मनाही:— यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम रजिष्टर नगराई कसैले पनि प्राइभेट फर्म खोल्न हुँदैन।

४. प्राइभेट फर्म रजिष्टर गर्नलाई दरखास्त दिने र रजिष्ट्रेशन:— [१] कुनै प्राइभेट फर्म रजिष्टर गराउन चाहने व्यक्तिले तोकिएको दस्तुर सहित तो-किएको ढाँचाको दरखास्त तोकिएको अधिकारीछेउ दिन सक्नेछ। त्यस्तो दरखास्तमा देहायका विवरण खोलिएको हुनुपर्दछ।

(क) प्राइभेट फर्मको नाम।

(ख) प्राइभेट फर्मको ठेगाना।

(ग) प्राइभेट फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने चीज वस्तु तथा कामको विवरण।

(घ) प्राइभेट फर्मका धनी तथा साझेदारहरूको नाम, ठेगाना र निजहरूले लिएका हिस्साको अंक,र।

(ङ) समयसमयमा सरकारले सूचित आदेशद्वारा तोकिदिएको अरू विवरणहरू।

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त दाखिल भएपछि तोकिएको अधिकारीले तोकिएबमोजिम आवश्यक जाँचबुझ गरी हेर्दा दरखास्तमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोलिएको विवरण साँचो हो भन्ने आफूलाई विश्वास हुने मनासीब कारणभएमा र दरखास्त गरेबमोजिमको प्राइभेट फर्म खोल्न दिन मनासीब देखेमा तोकिएबमोजिमको रजिष्टर किताबमा प्राइभेट फर्म रजिष्टर गरी त्यसको तोकिएको ढाचाको प्रमाणपत्र दरखास्तवालालाई दिइनेछ।

५. प्राइभेट फर्मको प्रमाणपत्रको अवधि र रिन्यू गर्न तरिका:- यो ऐनबमोजिम रजिष्टर भएको प्रत्येक प्राइभेट फर्मको प्रमाणपत्रको अवधि र रिन्यू गर्न तरिका र त्यसरी रिन्यू गराउँदा लाग्ने दस्तुर तोकिएबमोजिम हुनेछ।

६. विवरणमा हेरफेर गर्नु परेमा सूचना दिनुपर्ने:- कुनै प्राइभेट फर्मको सम्बन्धमा यो ऐनबमोजिम तोकिएको अधिकारीछेउ दिइराखेको विवरणमा केही हेरफेर गर्नु परेमा तोकिएको म्याद भित्र त्यसको तोकिएबमोजिमको सूचना तोकिएको अधिकारीछेउ दिनुपर्दछ।

७. यो ऐनबमोजिम रजिष्टर नभएका प्राइभेट फर्मको नामबाट भएको लेनदेन र अरू कारोवारलाई कानूनी मान्यता नदिइने:- यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम रजिष्टर नभएको प्राइभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरू कारोवारलाई कानूनी मान्यता दिइनेछैन।

८. दण्ड सजाय:- (१) यो ऐनबमोजिम रजिष्टर नगराई खोलिएको प्रत्येक प्राइभेट फर्मको प्रत्येक धनीलाई तोकिएको अधिकारीको तजबीजले रु ५ पाँचदेखि रु ५० पचास सम्म जरिवाना हुनेछ र सोही अपराध फेरि गरेमा ३ पटकसम्म पटकैपिछे शुरुमा हुने जरिवानामा थप रु १० दश जरिवाना हुनेछ। चौथा पटक पनि त्यस्तो गरेमा निजको नाउँमा कहिले पनि रजिष्टरी हुनेछैन।

(२) दफा ४ अन्तरगत दरखास्त दिंदा झुट्टा विवरण दाखिल गर्ने व्यक्तिलाई तोकिएको अधिकारीको तजबीजले रु २५ पच्चीसदेखि रु ५० पचाससम्म जरिवाना हुनेछ।

[३] दफा ६ बमोजिम दिनुपर्ने सूचना तोकिएको म्याद भित्र नदिने वा झुट्टा सूचना दिने प्राइभेट फर्मलाई तोकिएको अधिकारीको तजबीजले रु २५ पच्चीसदेखि रु ५० पचाससम्म जरिवाना हुनेछ।

[४] यो ऐनबमोजिम रजिष्टर वा रिन्यू नभएको प्राइभेट फर्म र सो फर्मको कारोवार गर्ने कुनै पनि वेकले कुनै पनि माल सामान निकाशी पैठारी गर्न नपाउने गरी सरकारले सूचित आदेशद्वारा मनाही गर्न सक्छ।

आधिकारिकता सुरक्षित भागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. नियम बनाउने अधिकारः— यो ऐनको उद्देश्य कार्यान्वित गर्न सरकारले नियमहरू बनाउन सक्छ। सो नियममा लेखिएका कुराहरु उल्लंघन गर्ने व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था पनि सोही नियममा सरकारले गर्न सक्छ।

१० खारजीः- २००० साल चैत्र १७ गते रोज ४ को प्राइभेट कम्पनी कानून खारेज गरिएको छ।

११. अघिका इजाजत पत्रहरू रद्दी हुनेः- यो ऐन प्रारम्भ हुनुअघि प्राइभेट फर्म खोल्ने सम्बन्धमा सरकारबाट दिइएका सबै इजाजतपत्रहरू यो ऐन प्रारम्भ भएका मितिले ६ महिनाभित्र दफा ५ अन्तरगत तोकिएको रीत पुऱ्याई रिन्यू गराउनुपर्ने, सो म्यादभित्र रिन्यू नभएको इजाजतपत्रहरु रद्दी हुनेछन्।

लालमोहर सदर मिति २०१४।११।२।५ मा

आज्ञाले—

नयनबहादुर खत्री क्षत्री,

सेक्रेटरी— कानून तथा संसदीय बन्ध सचिवालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिपछि मात्र लागु हुनेछ।